# जोरायल राजपत्र

## जोरायल गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ५  संख्या ७  मितिः 2078 भाद्र 14

### भाग- २

### जोरायल गाउँपालिकाको सूचना

स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 102 उपदफा (3) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छः

**जोरायल गाउँपालिकाको सामाजिक परीक्षण कार्यविधि, २०७८**

# जोरायल गाउँपालिकाको सामाजिक परीक्षण कार्यविधि, २०७८

स्वीकृत मितिः-२०७८/०५/१३

**प्रस्तावना**

गाउँपालिकाको सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन नीति, योजना तथा कार्यक्रमको कार्यान्वयन प्रकृया, प्राप्त उपलब्धि र त्यसले पारेको आर्थिक सामाजिक प्रभावको मूल्याङ्कन गरी नीति, योजना तथा सेवा प्रवाह प्रकृयामा सुधार गर्न, सार्वजनिक कोषको उचित परिचालन गरी अपेक्षित नतिजा प्राप्तिको सुनिश्चतता गर्न र जनप्रतिनिधि तथा कर्मचारीलाई थप जिम्मेवार बनाई सार्वजनिक जवाफदेहीता अभिबृद्धि गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ को उपदफा (५) को प्रयोजनको लागि स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ११ ९७० ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले देहायको कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भिकः** (१) यो कार्यविधिको नाम "सामाजिक परीक्षण कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) ऐन भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ ।

(ख) गाउँपालिका भन्नाले जोरायल गाउँपालिका सम्झनुपर्छ ।

(ग) कार्यपालिका भन्नाले जोरायल गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(घ) प्रमुख भन्नाले गाउँपालिकाको प्रमुख सम्झनु पर्छ ।

(ङ) कार्यालय भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ र सो शब्दले गाउँपालिका अन्तर्गतका वडा

कार्यालय, सेवा केन्द्र, विषयगत शाखा वा निकाय समेतलाई बुझाउने छ ।

(च) प्रमुख प्रशासकीय अधिकृत भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ८४ वमोजिमको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(छ) सामाजिक परीक्षण भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ को उपदफा (५) को व्यवस्था बमोजिम गाउँपालिकाको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले सामाजिक आर्थिक क्षेत्रमा पारेको समग्र प्रभावको लेखाजोखा, विश्लेषण र मूल्यांकन कार्य सम्झनुपर्छ ।

(ज) गैर सरकारी संस्था भन्नाले यस कार्यविधिको प्रयोजनको लागि प्रचलित कानून बमोजिम स्थापना भएका र गाउँ सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई गाउँपालिकाको समन्वयमा कार्यक्रम सञ्चालन गर्ने गैर नाफामूलक संस्था सम्झनुपर्छ ।

(झ) सामुदायिक संघ संस्था भन्नाले जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तीकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्बन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था तथा गाउँपालिकामा सूचीकृत भएका समुदायमा आधारित संस्था सम्झनुपर्छ ।

(ञ) योजना भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (१) मा उल्लेख भए बमोजिम गाउँपालिकाको समग्र विकास निर्माण सम्बन्धी तयार पारिएको आवधिक, बार्षिक र रणनीतिगत तथा विषयक्षेत्रगत योजना र यस्तै प्रकारका अन्य योजनालाई सम्झनु पर्छ ।

(ट) कार्यक्रम भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि गाउँपालिकाद्वारा लगानी ढाँचा सहित तयार गरिएको क्षेत्रगत वा वहुक्षेत्रगत कार्यक्रम सम्झनुपर्छ ।

(ठ) आयोजना भन्नाले गाउँपालिकाले कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधी र लगानी रकम तोकी निर्धारित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजना सम्झनु पर्छ ।

(ड) सामाजिक जिम्मेवारी भन्नाले गाउँपालिकाले प्रचलित कानून बमोजिम समावेशी र समतामुलक विकासका लागि उपयुक्त नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने साथै लक्षित समुहलाई ध्यान दिई सेवा प्रवाह गर्ने दायित्वलाई सम्झनु पर्छ ।

(ढ) नागरिक समाज संस्था भन्नाले गाउँपालिका क्षेत्रभित्र नागरिक समाज संस्थाको रुपमा दर्ता भएका वा नभएका नागरिक अधिकारका लागि कृयाशिल संस्था सम्झनु पर्छ ।

## परिच्छेद -२

## सामाजिक परीक्षण सम्बन्धी व्यवस्था

३. **सामाजिक परीक्षण गर्नुपर्नेः** (१) गाउँपालिकाले हरेक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रम तथा कार्यसम्पादनको लेखा जोखा र त्यसको सामाजिक उपलब्धी मापन गर्न प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले चार महिनाभित्र सामाजिक परीक्षण गर्नुपर्नेछ ।

(२) कार्यपालिकाको निर्णयले कुनै एक कार्यक्रम वा आयोजनाको समेत सामाजिक परीक्षण गर्न सकिनेछ ।

४. **तेस्रो पक्षवाट सामाजिक परीक्षण गराउनेः** (१) दफा ३ वमोजिमको सामाजिक परीक्षण गर्न गाउँपालिकाले तेस्रो पक्षवाट

दुई जना विज्ञको समुह वनाई सामाजिक परीक्षकको रूपमा सेवा करारमा नियुक्त गर्नुपर्नेछ ।

(२) कुनै संस्था वा कम्पनीलाई समेत सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिन सकिनेछ ।

(३) तेस्रो पक्षको छनोट प्रचलित सार्वजनिक खरिद कानून बमोजिम हुनेछ ।

(४) उपदफा (१) वमोजिम नियुक्त हुने सामाजिक परीक्षकको योग्यता देहाय वमोजिम हुनेछः

(क) स्नातकोत्तर भई सम्वन्धित क्षेत्रमा अनुभव भएको

(ख) सामाजिक परीक्षण सम्बन्धी सीप प्राप्त गरेको

(ग) गाउँपालिकाको योजना, कार्यक्रम वा आयोजनामा प्रत्यक्ष रुपमा संलग्न नरहेको

(५) उपदफा (१) वा (२) वमोजिम नियुक्त हुने सामाजिक परीक्षकको पारिश्रमिक कार्यपालिकाले तोकेवमाजिम हुनेछ ।

५. **सामाजिक परीक्षण समन्वय समितिको गठनः** (१) सामाजिक परीक्षण कार्यमा सहयोग तथा समन्वयको लागि देहाय अनुसार पदाधिकारी रहेको सामाजिक परीक्षण समन्वय समिति रहने छः

(क) प्रमुख प्रशासकीय अधिकृत संयोजक

(ख) योजना शाखा प्रमुख सदस्य

(ग) प्रमुखले तोकेको स्थानीय गैर सरकारी संस्था वा सामुदायिक संघ संस्थाको प्रतिनिधि १ जना सदस्य

(घ) संयोजकले तोकेको विषयगत शाखा प्रमुख १ जना सदस्य

(ङ) सामाजिक विकास शाखा प्रमुख सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सामाजिक परीक्षण गर्ने संस्था वा सामाजिक परीक्षकको छनोट गर्ने

(ख) सामाजिक परीक्षण गरिने विषय, कार्यक्रम वा आयोजनाको छनौट गर्ने,

(ग) सामाजिक परीक्षणको लागि आवश्यक स्रोत साधनको व्यवस्था गर्ने,

(घ) सामाजिक परीक्षण कार्यमा आवश्यक सहयोग, समन्वय र सहजिकरण गर्ने,

## परिच्छेद -३
## सामाजिक परीक्षण विधि

६. **सन्दर्भ सामग्रीको अध्ययनः** (१) सामाजिक परीक्षकले सम्वन्धित सन्दर्भ सामग्री को अध्ययन गरी सूचना वा जानकारी लिनु पर्नेछ ।

(२) सन्दर्भ सामाग्रीको रूपमा नेपालको संविधान, ऐन र स्थानीय तहसँग सम्बन्धित संघीय तथा प्रदेश कानून को अध्ययन गर्नुपर्दछ । गाउँपालिकाले तयार गरेका ऐन, नियम, कार्यविधि, निर्देशिका र नागरिक वडापत्र थप सन्दर्भ सामग्रीको रुपमा रहनेछन् । साथै गाउँपालिकाको नीति, आवधिक तथा वार्षिक योजना, विषयगत योजना, वार्षिक तथा चौमासिक प्रगति प्रतिवेदन र गत बर्षको सामाजिक परीक्षण प्रतिवेदन अध्ययन गर्नु पर्नेछ ।

(३) सामाजिक उपलब्धी, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख, विगतमा भएको सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाइको प्रतिवेदन समेतको अध्ययन गरी सामाजिक कार्यसम्पादनका विषयमा जानकार हुनु पर्नेछ ।

७. **सूचना संकलनः** (१) गाउँपालिकाको सामाजिक कार्यसम्पादनका विषयमा स्पष्ट भएपछि कार्यपालिकाका सदस्य तथा पदाधिकारीहरू, प्रमुख प्रशासकीय अधिकृत, कार्यालयका शाखा प्रमुख र सम्बन्धित कर्मचारीसँग छलफल गरी सूचना संकलन गर्नुपर्दछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि सामाजिक परीक्षकले सरल चेकलिष्ट तयार गर्नु पर्नेछ ।

(३) उपदफा (१) अनुसार समेटिन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूको सानो समुह बनाई समुह छलफल गर्नु पर्नेछ ।

(४) थप सूचनाको लागि गाउँपालिकामा उपलव्ध प्रकाशित वा अप्रकाशित सामग्री, विभिन्न समिति वा कार्यदलको निर्णय, प्रतिवेदन, अभिलेख आदिको अध्ययन गर्नु पर्दछ ।

(५) आवश्यकता अनुसार आयोजना तथा कार्यक्रम कार्यान्वयन स्थलको स्थलगत अवलोकन गर्न सकिने छ ।

८. **मस्यौदा प्रतिवेदन तयार गर्नेः** (१) दफा ७ अनुसार गाउँपालिकाको कार्य सम्पादनको अवस्था प्रमुख समस्या, चुनौती र भावी कार्यदिशाका बारेमा विस्तृत जानकारी लिई गाउँपालिकाले सामाजिक जिम्मेवारी पूरा गरे नगरेको सम्बन्धमा समीक्षा र विश्लेषण गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम भएको समीक्षा र विश्लेषणको आधारमा सामाजिक परीक्षकले अनुसूची १ र अनुसूची २ अनुसारको ढाँचामा मस्यौदा प्रतिवेदन तयार गर्नु पर्नेछ ।

९. **सार्वजनिक छलफल गराउनु पर्नेः** (१) सामाजिक परीक्षकले दफा ८ को उपदफा (२) बमोजिम तयार गरेको मस्यौदा प्रतिवेदन माथि सार्वजनिक छलफल गराउनु पर्नेछ ।

(२) सामाजिक परीक्षकले उपदफा (१) बमोजिमको छलफलमा दफा ८ को उपदफा (२) बमोजिम तयार भएको

प्रतिवेदन अनुसूची-३ बमोजिमको कार्यक्रम संचालन विधि र प्रकृया अनुसार प्रस्तुतीकरण गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको छलफल हुने मिति समय र स्थान तोकी उपदफा (४) बमोजिमका सदस्यहरुलाई कम्तीमा दुईदिन अगावै जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको छलफल कार्यक्रम प्रमुखको अध्यक्षतामा सञ्चालन गर्नुपर्नेछ ।

(५) उपदफा (१) बमोजिमको छलफलमा कार्यपालिकाका सदस्यहरु, कार्यालयका कर्मचारी, स्थानीय राजनीतिक दलका प्रतिनिधि, उद्योग वाणिज्य संघ, पत्रकार महासंघ, नागरिक समाज संस्था, सामुदायिक संघ संस्थाका प्रतिनिधि र स्थानीय बुद्दिजीवीहरु समेतलाई सहभागी गराउनु पर्नेछ ।

(६) सामाजिक परीक्षकले उपदफा (१) बमोजिमको छलफलमा कार्यपालिका सदस्य बाहेकका सहभागीबाट उठाइएका विषयहरुमा प्रमुखको धारणा राख्न लगाउनु पर्नेछ ।

(७) कार्यालयले यस दफा बमोजिमको कार्यक्रम बैठकको गतिविधि स्थानीय सञ्चार माध्यमबाट प्रत्यक्ष प्रसारण गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(८) उपदफा (१) अनुसारको छलफल कार्यक्रममा उपस्थित हुने आयोजक तथा सहभागिले अनुसूची-४ बमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछ ।

१०. **अन्तिम प्रतिवेदन तयार गर्नुपर्नेः** (१) सामाजिक परीक्षकले दफा ९ बमोजिमको छलफलमा उठेका विषयहरु समेत मिलाई अनुसूची-५ बमोजिमको अन्तिम प्रतिवेदन तयार गरी कार्यालयमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका विषयहरुलाई सारांशको रुपमा समावेश गर्नु पर्नेछः

(क) गाउँपालिकाकाको प्राथमिकता तथा लक्ष्यहरू

(ख) गत आर्थिक वर्षको मुख्य मुख्य उपलब्धीहरू

(ग) सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता

(घ) जिम्मेवारी बहन गर्ने सन्दर्भमा देखिएका समस्याहरू

(ङ) सुधारको लागि चाल्नुपर्ने कदम तथा सुझावहरू

(३) उपदफा (१) बमोजिम पेश भएको प्रतिवेदन प्रमुखले कार्यपालिका बैठकमा पेश गर्न लगाउनु पर्नेछ ।

(४) कार्यालयले उपदफा (१) बमोजिमको प्रतिवेदन कार्यालयको वेवसाइटमा राख्नु पर्नेछ ।

**११. सामाजिक परीक्षणमा समावेश गराउनुपर्नेः** गाउँपालिका अन्तर्गतका विषयगत शाखा र गाउँपालिकाको वार्षिक योजनामा समावेश भएका गैर सरकारी संस्थाको कार्यक्रमलाई सामाजिक परीक्षणमा समावेश गर्नुपर्नेछ ।

**१२. कागजात उपलब्ध गराउनु पर्नेः** सामाजिक परीक्षकले मागेको विवरण, तथ्यांक, सूचना तथा कागजात कार्यालय र सम्बन्धित गैर सरकारी संस्था तथा अन्य निकायले उपलब्ध गराउनु पर्नेछ ।

**१३. प्रतिवेदन सभामा पेश गर्नपर्नेः** (१) कार्यपालिकाले सामाजिक परीक्षणको प्रतिवेदनमा उल्लेख भएका विषयमा छलफल गरी प्राप्त सुझावहरु कार्यान्वयन गर्नु, गराउनु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम कार्यान्वयन गर्न नसकिएका सुझाव वा विषय र नीतिगत प्रकृतिका विषयहरु समावेश गरी सामाजिक परीक्षण प्रतिवेदनका प्रमुख विषय समावेश भएको प्रतिवेदन सभाको वैठकमा पेश गर्नु पर्नेछ ।

**१४. अन्य निकायहरुको सामाजिक परीक्षण सम्बन्धी व्यवस्थाः** गाउँपालिका क्षेत्रभित्र कार्यक्रम सञ्चालन गर्ने गैर सरकारी संस्था तथा अन्य सार्वजनिक संस्थाहरूले सामाजिक परीक्षण गर्दा यसै कार्यविधिको प्रयोग गर्नु पर्नेछ ।

# अनुसूची-१

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

## समाजिक परीक्षणको मस्यौदा प्रतिवेदन

मितिः

१. गाउँपालिकाको संक्षिप्त परिचय

२. गाउँपालिकाको नीति, प्राथमिकता तथा लक्ष्यहरू (बुंदागत रूपमा लेख्ने)

३. गतवर्षको मुख्य मुख्य उपलब्धीहरू (बुंदागत रूपमा लेख्ने)

४. यसवर्षको मुख्य मुख्य उपलब्धीहरू (सूचकको रूपमा प्रस्तुत गर्ने)

५. गाउँपालिकाकोको सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा

| गाउँपालिकाको सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | ईकाई | गत बर्षको अवस्था | हालको अवस्था | सूचनाको स्रोत |
| क | स्वास्थ्य | | | | |
| १ | पैदल हिडेर वा सार्वजनिक यातायात चढेर एक घण्टा भित्र स्वास्थ्य चौकी पुग्न सक्ने घरधुरी | संख्या | | | |
| २ | वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाइएका ६ महिनादेखि ५ वर्षमुनिका बालबालिका | प्रतिशत | | | |
| ३ | पूर्ण खोप लगाउने एक बर्ष मुनीका बालबालिका | प्रतिशत | | | |
| ४ | प्रसूति पूर्व ४ पटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराउने महिला | प्रतिशत | | | |
| ५ | दक्ष स्वास्थ्यकर्मीबाट प्रसुती गराउने महिला | प्रतिशत | | | |
| ६ | आईरन चक्की (जम्मा २२५ वटा) खाएका गर्भवती तथा सुत्केरी महिला | प्रतिशत | | | |

| गाउँपालिकाको सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा | | | | | |
|---|---|---|---|---|---|
| **क्र. सं.** | **सामाजिक जिम्मेवारीको क्षेत्र** | **ईकाई** | **गत बर्षको अवस्था** | **हालको अवस्था** | **सूचनाको स्रोत** |
| ७ | झाडा पखालाबाट मृत्यु भएका बालबालिका | संख्या | | | |
| ८ | स्थानीय स्वास्थ्य संस्था (स्वास्थ्य चौकी) बाट सेवा लिने घरपरिवार | संख्या | | | |
| ९ | एच.आई.भि एड्स संक्रमित | संख्या | | | |
| ख | शिक्षा | | | | |
| १ | आधा घण्टा भित्र प्राथमिक विद्यालय पुग्ने बालबालिका | संख्या | | | |
| २ | पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | प्रतिशत | | | |
| ३ | प्राथमिक विद्यालयमा पहूँच नभएका सो उमेर समुहका बालबालिका | प्रतिशत | | | |
| ४ | कक्षा १ मा खुद भर्नादर छात्र÷छात्रा | प्रतिशत | | | |
| ५ | प्राथमिक तहमा | प्रतिशत | | | |
| ६ | प्राथमिक तहमा | प्रतिशत | | | |
| ७ | आधारभूत शिक्षा-कक्षा ८) प्राप्त गरेका बालबालिका | प्रतिशत | | | |
| ८ | प्राथमिक तहमा तालिम प्राप्त शिक्षक | संख्या | | | |
| ९ | दरबन्दी अनुसार पदपूर्ति भएका विद्यालय | संख्या | | | |
| १० | प्रति कक्षा कोठा विद्यार्थी | संख्या | | | |
| ११ | बाह्य सहयोगमा निर्मित विद्यालय कोठा | संख्या | | | |
| १२ | स्थानीय तहबाट निर्मित विद्यालय कोठा | संख्या | | | |
| १३ | कक्षा १० उत्तिर्ण दलित बालबालिका | संख्या | | | |
| १४ | बालमैत्री धारा भएका विद्यालय | संख्या | | | |
| १५ | छात्र-छात्राका लागि अलग | संख्या | | | |

| गाउँपालिकाको सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा | | | | | |
|---|---|---|---|---|---|
| क्र. सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | ईकाई | गत बर्षको अवस्था | हालको अवस्था | सूचनाको स्रोत |
| | अलग शौचालय भएका विद्यालय | | | | |
| ग | खानेपानी तथा सरसफाई | | | | |
| १ | सुलभ खानेपानी सुविधा पुगेको परिवार | प्रतिशत | | | |
| २ | शौचालय प्रयोग गर्ने घरपरिवार | प्रतिशत | | | |
| ३ | खानेपानी सुविधा भएका विद्यालय (सामुदायिक, संस्थागत) | संख्या | | | |
| ४ | शुलभ शौचालय भएका विद्यालय (सामुदायिक, संस्थागत) | संख्या | | | |
| ५ | टोल, वस्तीमा भएका सार्वजनिक शौचालय | संख्या | | | |
| घ | बालबालिका तथा महिला र सामाजिक हिंसा | | | | |
| १ | कमतौल, पुड्को र ख्याउटेपन भएका पाँच वर्ष मुनिका बालबालिका | प्रतिशत | | | |
| २ | जन्म दर्ता भएका ५ वर्ष मुनिका बालबालिका | प्रतिशत | | | |
| ३ | बाल बिवाह गर्ने बालबालिका | संख्या | | | |
| ४ | प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका ३ देखि ४ वर्ष उमेर समुहका बालबालिका | संख्या | | | |
| ५ | बाल श्रमिक | संख्या | | | |
| ६ | बाल क्लव तथा संजाल | संख्या | | | |
| ७ | घरपरिवार र समुदायमा महिला र बालबालिका विरुद्ध भएका हिंसा वा दुव्र्यवहारका घटना | संख्या | | | |
| ८ | समुदाय र सार्वजनिक | संख्या | | | |

| गाउँपालिकाको सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा | | | | | |
|---|---|---|---|---|---|
| क्र. सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | ईकाई | गत बर्षको अवस्था | हालको अवस्था | सूचनाको स्रोत |
| | स्थानमा दलित विरुद्ध भएका हिंसा वा दुव्र्यवहारका घटना | | | | |
| ङ | रोजगारी र गरिवी निवारण | | | | |
| १ | स्थानीय प्रयासवाट उपलव्ध रोजगारी | संख्या | | | |
| २ | स्वरोजगारमा संलग्न घरपरिवार | संख्या | | | |
| ३ | कृषि तथा पशुपालन क्षेत्रमा स्वरोजगार भएका वा यस क्षेत्रवाट दिईएको रोजगारी | संख्या | | | |
| ४ | लघु तथा घरेलु उद्यम | संख्या | | | |
| ५ | लघु, घरेलु उद्यममा संलग्न महिला, दलित, विपन्न | संख्या | | | |
| ६ | न्यूनतम् १०० दिनको रोजगारीमा संलग्न श्रमिक | संख्या | | | |
| च | सेवामा पहूँच | | | | |
| १ | ३० मिनेट भित्र स्थानीय बजार पुग्न सक्ने घरपरिवार | संख्या | | | |
| २ | ३० मिनेट भित्र कृषि÷पशु सेवा केन्द्र पुग्न सक्ने घरपरिवार | संख्या | | | |
| ३ | स्थानीय तहले भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सीमान्तकृत वर्गलाई विशेष सुविधा दिएको | विवरण लेख्ने | | | |
| ४ | बाल उद्यान वा पार्क | संख्या | | | |
| ५ | बाह्रै महिना सार्वजनिक यातायातको पहुँचमा रहेका जनसंख्या (अधिकतम् ३० मिनेटको पैदल दुरीमा) | प्रतिशत | | | |
| ६ | मोवाईल फोन र इन्टरनेटको सुविधा भएका घरपरिवार | प्रतिशत | | | |
| छ | संस्थागत विकास | | | | |

| गाउँपालिकाको सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा | | | | | |
|---|---|---|---|---|---|
| **क्र. सं.** | **सामाजिक जिम्मेवारीको क्षेत्र** | **ईकाई** | **गत बर्षको अवस्था** | **हालको अवस्था** | **सूचनाको स्रोत** |
| १ | ऐन, कार्यविधि, निर्देशिका, नीति, योजना वा कार्यक्रम | संख्या | | | |
| २ | स्थानीय शासन प्रकृयामा नागरिक सहभागिता (योजना तर्जुमा, नीति नियम तर्जुमा, अनुगमन, सामाजिक जवाफदेहीता) | संख्या | | | |
| ३ | कार्यालयका कर्मचारी | संख्या | | | |
| ४ | भौतिक पूर्वाधार (कार्यालय भवन, सवारी साधन, कम्प्युटर, प्रिन्टर, प्रोजेक्टर) | संख्या | | | |
| ५ | अन्य कार्यालय, निकाय, निजी क्षेत्र र स्थानीय तह संगको समन्वय र सहकार्यमा भएका कार्यहरु (विवरण समेत लेख्ने) | संख्या | | | |

६. गत वर्षमा भोगेका समस्याहरू (बुंदागत रूपमा लेख्ने)

(१)

(२)

(३)

७. सुधारको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव (वुंदागत रूपमा लेख्ने).

(१)

(२)

(३)

सामाजिक परीक्षकको दस्तखतः

नामः

संस्थाको नाम (यदि संस्था भएमा)

मितिः

अनुसूची- २

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

विषयगत शाखा÷गैर सरकारी संस्था

**<u>सामाजिक परीक्षकको मस्यौदा प्रतिवेदन</u>**

१. विषयगत शाखा÷गैर सरकारी संस्था को नामः

२. लक्ष्य

(१)

(२)

(३)

३. मुख्य उद्देश्य (बुंदागत रूपमा लेख्ने)

(१)

(२)

(३)

४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

| संचालित कार्यक्रम/आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

५. लक्षित वर्गलाई सेवा उपलव्ध गराउन गत वर्ष गरिएका मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरूः

(१)

(२)

(३)

६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता:

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| | |
| | |
| | |
| | |
| | |

७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू (बुंदागत रूपमा लेख्ने)

(१)

(२)

(३)

८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू (बुंदागत रूपमा लेख्ने)ः

(१)

(२)

(३)

सामाजिक परीक्षकको दस्तखत:

नाम:

संस्थाको नाम (यदि सस्था भएमा)

मिति:

अनुसूची-३

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

**मस्यौदा प्रतिवेदन प्रस्तुति र छलफल कार्यक्रमको संचालन विधि**

१. आयोजकले सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुति कार्यक्रममा उपस्थित सहभागीहरूको नाम, पद, ठेगाना, सम्पर्क नम्वर तथा प्रतिनिधित्व गरेको संस्था खुलाई उपस्थिति पुस्तिका राख्नुपर्नेछ

२. कार्यक्रमको प्रारम्भमा सहभागीहरूलाई कार्यक्रमको उद्देश्य, सञ्चालन विधि, समय र आचार संहिताबारे जानकारी दिनुपर्नेछ ।

३. सामाजिक परीक्षकले अनुसूची १ र अनुसूची २ बमोजिमको ढाँचामा तयार गरिएको विवरण प्रस्तुत गर्नुपर्नेछ ।

४. कार्यक्रममा प्रतिवेदन विवरण प्रस्तुत भएपछि सामाजिक परीक्षण समन्वय समितिको तर्फबाट कार्यक्रमका सहभागीहरू समक्ष निम्न प्रकारका प्रश्नहरू राखी खुला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रिया तथा सुझाव आह्वान गर्नुपर्नेछः

(क) गाउँपालिकाले निर्माण गरेका कानून तथा नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेको प्रभाव,

(ख) गाउँपालिका अन्तर्गतका विकास योजनाहरूमा जन सहभागिताको स्थिति,

(ग) गाउँपालिकाले समयमा सेवा सुविधा दिएको वा सेवा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरू,

(घ) गाउँपालिकाको तर्फबाट पेश गरेको प्रतिवेदनको विश्वासनीयता,

(ङ) बालबालिका, महिला, दलित, जनजाति, विपन्न, जेष्ठ नागरिक तथा पिछडिएका वर्गलाई विकासको मूलधारमा ल्याउन गरेका प्रयासहरूको प्रभावकारिता,

(च) गाउँपालिकाले दिएको सेवाको गुणस्तर, सेवा दिन लगाएको समय, कर्मचारीको व्यवहार र गाउँपालिकाले लिने दस्तुरको अवस्था,

(छ) सामाजिक उत्तरदायित्व पुरा गर्न गाउँपालिकाले सुधार गर्नुपर्ने कुराहरु,

५. सहभागीहरूले कार्यक्रममा राखेका विचार, सुझाव तथा प्रतिक्रियाहरूलाई सामाजिक परीक्षण समन्वय समितिका पदाधिकारी र सामाजिक परीक्षकले टिपोट गरी राख्नुपर्दछ र सहभागीले राखेका जिज्ञासा तथा विचारमा गाउँपालिकाका पदाधिकारी, जिम्मेवार कर्मचारी तथा सामाजिक परीक्षकले स्पष्ट पार्नु पर्नेछ ।

६. सहभागिहरुले उठाएका सान्दर्भिक विषयहरूलाई सामाजिक परीक्षकले अन्तिम प्रतिवेदनमा समावेश गर्नु पर्नेछ ।

## अनुसूची-४

(दफा ९ को उपदफा (८) सँग सम्बन्धित)

### मस्यौदा प्रतिवेदन प्रस्तुति र सो सम्बन्धी छलफल कार्यक्रममा सहभागिले पालना गर्नुपर्ने आचारसंहिता

सामाजिक परीक्षणको मस्यौदा प्रतिवेदन प्रस्तुत गरिने कार्यक्रममा उपस्थित भएका आयोजक, सामाजिक परीक्षक र सहभागीहरूले पालना गर्नुपर्ने आचारसंहिताः

(१) सामाजिक परीक्षकले बोल्ने समय दिएपछि मात्र सहभागीहरूले आफ्ना कुराहरू राख्ने ।

(२) सहभागिहरुले तथ्यांक र सूचनाको आधारमा आफ्नो विचार राख्ने ।

(३) विषयवस्तुमा मात्र केन्द्रित रही छलफल गर्ने ।

(४) निजी वा व्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा व्यक्तिगत आक्षेप नलगाउने ।

(५) कुनैपनि सहभागीहरूले व्यक्त गरेका विचारमा प्रतिवाद नगर्ने, विचमा कुरा नकाट्ने, राम्रोसंग सुन्ने र प्राप्त प्रतिक्रिया, सुझाव तथा टिप्पणीलाई सकारात्मक रूपमा लिने ।

(६) बोल्दा पालै पालो बोल्ने, एक व्यक्तिले एकपटक मात्र बोल्ने ।

(७) आफ्नो कुरालाई स्पष्ट रुपमा छोटकरीमा राख्ने ।

(८) व्यक्ति र संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचारलाई कायम राख्ने ।

(९) सहभागीहरूलाई आफ्नो विचार राख्न प्रोत्साहन गर्ने र विचारका लागि धन्यवाद दिने ।

अनुसूची-५

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

**<u>सामाजिक परीक्षकले कार्यालयमा पेश गर्ने अन्तिम प्रतिवेदनको ढाँचा</u>**

१. पृष्ठभूमि

२. सामाजिक परीक्षणको उद्देश्य

३. अध्ययन विधि

४. अध्ययनको सीमा

५. मस्यौदा प्रतिवेदन प्रस्तुति र बृहत् छलफल कार्यक्रमको विवरणः
   क) मितिः ख) स्थानः
   ग) समयः

६. सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा (अनुसूची १ र २) को विवरण

७. सामाजिक परीक्षणवाट देखिएका सवल पक्ष, चुनौती र सुधार गर्नुपर्ने कुराहरु (बुँदागत रुपमा लेख्ने)

८. सामाजिक जिम्मेवारी पुरा गर्न गाउँपालिकाले भविश्यमा गर्नुपर्ने कार्य वा सुझावहरु

सामाजिक परीक्षकको दस्तखतः

नामः

संस्थाको नाम (यदि संस्था भएमा)

मितिः